# नेपाल सरकार
## सामान्य प्रशासन मन्त्रालयको सूचना

नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ३५ तथा विशेष समूहका कर्मचारीहरुको प्रशासन र व्यवस्थापन नियमावली, २०६५ को नियम ८ ले दिएको अधिकार प्रयोग गरी निजामती सेवाको विविध सेवा अन्तर्गत विशेष समूहमा रहेका (तत्कालीन राजप्रासाद सेवाका) कर्मचारीहरुलाई देहायका शर्त तथा सुविधाको आधारमा स्वेच्छिक अवकाशको अवसर प्रदान गर्ने निर्णय गरेकोले इच्छुक कर्मचारीहरुले यो सूचना नेपाल राजपत्रमा प्रकाशन भएको मितिले तीस दिन भित्र सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंमा स्वेच्छिक अवकाशको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

शर्त तथा सुविधाहरू

(१) निजामती सेवा ऐन, २०४९ को दफा ३५ को उपदफा (१) बमोजिम निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पुरा भएका निजामती सेवाको विविध सेवा अन्तर्गत विशेष समूहका कर्मचारीहरुले मात्र स्वेच्छिक अवकाशको लागि निवेदन दिन सक्नेछन्।

(२) स्वेच्छिक अवकाश लिने कर्मचारी मध्ये सम्वत् २०४९ साल कार्तिक २१ गते भन्दा अघि सेवा प्रवेश गर्नेको हकमा साठी वर्ष उमेर ननाघ्ने गरी र सो मिति र सो भन्दा पछि सेवामा प्रवेश गर्नेको हकमा अन्ठाउन्न वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तभरणको लागि जम्मा सेवा अवधि कायम गरिनेछ।

(३) निवृत्तभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पुगेको कर्मचारीले स्वेच्छिक अवकाश लिंदा निजामती सेवा ऐन, २०४९ को दफा ३५ को उपदफा (२) बमोजिम सोही ऐनको दफा २०क. बमोजिम बढुवा पाउने भएमा एक श्रेणी माथिको पदमा बढुवा गरी सोही ऐनको दफा ३७ को उपदफा (३) को सेवा अवधि पूरा भएको भए सो सुविधा समेत पाउने गरी स्वेच्छिक अवकाश दिईनेछ।

(४) माथि खण्ड (२) र (३) मा उल्लिखित सुविधाहरुको अतिरिक्त यस सूचना बमोजिम स्वेच्छिक अवकाश लिने कर्मचारीहरुलाई सात वर्षको नियमानुसार पाउने निवृत्तभरण रकम एकमुष्ठ अग्रीम रूपमा प्रदान गरिनेछ।

आज्ञाले,

वालानन्द पौडेल
नेपाल सरकारको सचिव

303



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित। मूल्य रु. ५।–
गो.ह.द.नं. १६।०६।२०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

३०५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।